लुम्बिनी प्रदेश सरकार

**कृषि तथा भूमि व्यवस्था मन्त्रालय**

**कृषि विकास निर्देशनालय**

# बीउ बिजन प्रयोगशाला

**भैरहवा, रूपन्देही**

## लिलाम सम्बन्धी वोलपत्र आव्हानको सूचना

**चौथो पटक प्रकाशित मिति:** २०८०/०९/१४

**बोलपत्र सूचना नं.** बी.बि.प्र. ०१/०८०-०८१

श्री बीउ बिजन प्रयोगशाला, रुपन्देहीमा रहेका पुराना सामाग्रीहरु जे जस्तो अवस्थामा छ, सोही अवस्थामा लिलाम बिक्री गर्नुपर्ने भएकोले ईच्छुक व्यक्ति, फर्म, संस्था वा कम्पनीहरुबाट उल्लेखित शर्तहरुको अधिनमा रही बोलपत्र आव्हान गरिन्छ । सो सम्बन्धी सूचना यस कार्यालयको वेवसाईटः seedlabbhw.gov.np. मा समेत हेर्न सकिने छ । यसका अतिरिक्त अन्य कुरा बुझ्नपरेमा वा सम्पत्ति तथा मालसमान हेर्न चाहेमा यस कार्यालयको जिन्सी शाखामा सर्म्पक राख्नु हुन अनुरोध छ ।

| क्र.सं. | सामानको विवरण | परिमाण | न्यूनतम मुल्य | कैफियत |
|---|---|---|---|---|
| १. | जेनेरेटर (२ र ५ के भि ए ) | २ थान | रु.२,०६,३३६।८३<br>अक्षरमा: दुइ लाख छ हजार तीन सय छतिस रुपैया त्रियासी पैसा मात्र (भ्याट बाहेक) | |
| २. | साइकल | २ थान | | |
| ३. | ब्याट्री | ९ थान | | |
| ४. | सिड जर्मिनेटर | ६ थान | | |
| ५. | पंखाहरु | १७ थान | | |
| ६. | विविध सामानहरु | ८२ थान | | |

**शर्तहरु**

१. **बोलपत्र फाराम पाउने स्थान** :-बीउ बिजन प्रयोगशाला, रुपन्देही ।

२. बोलपत्र फाराम बुझाउन चाहनेले बोलपत्र सम्बन्धी आवश्यक कागजातको अतिरिक्त बोलपत्र दस्तुर वापतको रकम रु १०००।०० (एक हजार रुपैया) को राजश्व रसिद वा सक्कल भौचर बोलपत्रसाथ पेश गर्नु पर्नेछ ।

३. **बोलपत्र खरीद मिति :-** राष्ट्रिय दैनिक बुटवल टुडेमा चौथो पटक प्रकाशित मितिले ७ औं दिन कार्यालय समय भित्र ।

४. **बोलपत्र फाराम दस्तुर** :- रु. १०००/- मात्र (पछि फिर्ता नहुने) ।

५. **बोलपत्र दाखिला गर्नुपर्ने अन्तिम मिति** :- सूचना प्रकाशित मितिले ८ औं दिन दिउँसो १२:०० बजे भित्र ।

६. **बोलपत्र खोलिने मिति र समय** :- सूचना प्रकाशित मितिले ८ औं दिन दिउसो १४:०० बजे ।

७. **बोलपत्र पेश गर्ने तथा खोलिने स्थान** श्री बीउ बिजन प्रयोगशाला.रुपन्देही ।

८. **धरौटी रकम** :- मुल्य अभिबृद्धि कर (भ्याट) सहित कबोल रकमको १० % (दश प्रतिशत) ।

९. **धरौटी जम्मा गर्ने खाता नं. र बैंकको नाम, ठेगाना** :-प्रदेश लेखा नियन्त्रक कार्यालय.,रुपन्देहीको नाममा रहेको राष्ट्रिय बाणिज्य बैंकको धरौटी खाता नं.: ३१२०१००२०२०३०००० मा नगद जम्मा गरेको सक्कल भौचर वा कार्यालयको (कार्यालय कोड ३१२०१४८०२५) नाममा नेपाल राष्ट्र बैकबाट मान्यता प्राप्त क वर्गको वाणिज्य बैकले जारी गरेको दरभाउपत्र दाखिला गर्ने अन्तिम मितिबाट १२० दिनको म्याद भएको सक्कलै बैक जमानत (बैक ग्यारेन्टि) पेश गर्नु पर्नेछ।

१०. **बोलपत्र खरिद गर्न पेश गर्नुपर्ने कागजात:- क)** फर्म/संस्था/कम्पनी भए इजाजतपत्रको प्रमाणित प्रतिलिपि (नवीकरण सहित) ।
**ख)** कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि (आ.व. २०७९/०८० सम्मको) तथा सो सँग सम्बन्धित अन्य कागजातहरु भए सोको प्रमाणित प्रतिलिपि समेत ।
**ग)** व्यक्ति भए नेपाली नागरिकता प्रमाण-पत्रको प्रतिलिपि ।

११. बोलपत्रमा कबोल गरेको सुरुको जम्मा रकममा नियमानुसार १३ % मूल्य अभिवृद्धि कर VAT लाग्ने छ ।

१२.बोलपत्र दाखिला गर्ने र खोलिने अन्तिम मितिमा सार्वजनिक विदा परेमा सम्पूर्ण काम कार्यवाही त्यसको लगत्तै भोलिपल्ट कार्यालय खुलेको दिन सूचनामा उल्लेख भए बमोजिम हुनेछ ।

१३.बोलपत्र फाराम सिलबन्दी नभएको, तोकिएका आबश्यक कागजातहरु पेश नभएको, बोलपत्र दिनेको सहीछाप नभएको, म्याद भित्र दाखिला नभएको, तोकिएको ठाउँमा खरिदकर्ताको सहिछाप नभएको तथा तोकिएको धरौटी रकम जम्मा नभएको वा अन्य कुनै कारणबाट रीत नपुगेको बोलपत्र माथि कुनै कारवाही हुने छैन।

१४. अन्यत्र जुनसुकै कुरा उल्लेख भएता पनि यस सुचना बमोजिमको बोलपत्र पुस्तिका भित्र उल्लेखित शर्त र निर्देशिकाहरु नै आधिकारिक हुनेछन ।

१५. बोलपत्र स्वीकृत वा रद्द गर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा निहित रहने छ ।

१६. अवधि: लिलाम सकार गरेको सम्पत्ति तथा जिन्सी मालसमान सम्झौता भएको १ हप्ता भित्र लैजानु पर्ने छ ।

१७. यस सम्बन्धि अन्य कुराहरु प्रचलित ऐन नियम बमोजिम हुनेछ ।